नगर प्रमुख
वी.म.न.पा.न.का.पा.को.का.

प्रमाणिकरण गर्नेको नाम- विजय कुमार सरावगी

पद- नगर प्रमुख

**प्रमाणीकरण मितिः २०७५।०८।१८**

## वीरगंज महानगरपालिका

### स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ को (२) बमोजिम वीरगंज महानगरपालिकाको नगर कार्यपालिकाले बनाएको कार्यविधि २०७५

### संवत २०७५ सालको कार्यविधि नं १२(क)

### कार्यविधिको नाम – वीरगंज महानगरपालिकाको घ वर्गको निर्माण इजाजत पत्र प्रदान गर्ने सम्बन्धी कार्यविधि २०७५

प्रस्तावना

स्थानीय स्तरको विकास निर्माणमा निजी क्षेत्रको ज्ञान र विशेषतालाई उपयोग गर्न तथा सार्वजनिक खरिदको मुलभूत विशेषतालाई अक्षुण राखी सार्वजनिक निर्माणको क्षेत्रमा पारदर्शिता, स्वच्छता, इमान्दारिता, जवाफदेहिता, विश्वसनीयता तथा भेदभाव रहित प्रतिस्पर्धा तथा श्रोत साधनको उच्चतम उपयोग जस्ता उद्देश्यहरु हासिल गर्न सार्वजनिक निर्माणमा निजी क्षेत्रको सहज पहुँचको लागि स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ को उपदफा २ को छ (१०) ले दिएको अधिकार प्रयोग गरी वीरगंज महानगरपालिकाले यो कार्यविधि जारी गरेको छ ।

**१. इजाजतपत्र प्राप्त नगरी सार्वजनिक निर्माण कार्य गर्न नहुने :**

प्रचलित कानुनमा अन्यथा व्यवस्था भएको बाहेक यस कार्यविधि बमोजिम इजाजतपत्र प्राप्त नगरी "घ" वर्गको निर्माण व्यवसायीको नामबाट कसैले पनि सार्वजनिक निर्माण कार्य गर्न गराउन हुदैन ।

**२. नयाँ इजाजतपत्र सम्बन्धी व्यवस्था :**

नगर प्रमुख
वी.म.न.पा.न.का.पा.को.का.

१) सार्वजनिक निर्माण कार्य गर्न चाहने निर्माण व्यवसायीले अनुसूचि -१ बमोजिमको ढाँचामा सार्वजनिक निर्माण कार्य गर्न इजाजतपत्रको लागि रु एक लाख को बैंक भौचर वा सो बराबरको बैंकले प्रमाणीत गरि दिएको बैंक एस्टटमेन्ट सहित बीरगंज महानगरपालिकाको कार्यालयका प्रमुख प्रशासकीय अधिकृत समक्ष दरखास्त दिनुपर्नेछ ।

२) उपदफा (१) बमोजिम पर्न आएका दरखास्तहरु प्रमुख प्रशासकीय अधिकृतले अनुसूचि ५ बमोजिमको योग्यता भए/नभएको सम्बन्धमा सिभिल इन्जिनियर/सब इन्जिनियर सहितको तीन सदस्यीय समितिबाट जाँचबुझ गराउनुपर्नेछ ।

३) दफा (२) को उपदफा (२) अनुसारको समितिले गरेको सिफारिस सहित प्रमुख प्रशासकीय अधिकृतले इजाजतपत्र प्रदान गर्ने निर्णयकालागि सिफारिस सहित नगर प्रमुख समक्ष पेश गर्नुपर्नेछ । नगर प्रमुखको निर्णयबाट प्रमुख प्रशासकीय अधिकृत वा आर्थिक विकास महाशाखा प्रमुखद्धारा इजाजतपत्र वापत अनुसूचि -२ बमोजिमको दस्तुर लिई अनुसूचि -३ बमोजिमको ढाँचामा इजाजतपत्र प्रदान गर्नेछ ।

**३. इजाजतपत्रको अवधि र नवीकरण :**

१) दफा २ बमोजिम प्रदान गरिएको इजाजत पत्र दफा ४ बमोजिम खारेज भएको वा प्रचलित कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा बाहेक चालु आर्थिक वर्षको अन्त्य सम्म मात्र मान्य रहनेछ ।

२) उपदफा १ बमोजिम इजाजतपत्रको अवधि समाप्त भएका प्रत्येक निर्माण व्यवसायीले इजाजतपत्रको अवधि समाप्त भएको ३ महिनाभित्र प्रचलित कानुन बमोजिम संघ, प्रदेश र स्थानीय तहलाई तिर्नुपर्ने कर तिरी सकेको प्रमाण स्वरुप सम्वन्धित संघीय/प्रदेश/स्थानीय कर कार्यालयबाट प्राप्त करचुक्ता प्रमाणपत्र तथा फर्म वा कम्पनीको दर्ता नविकरण सहित महानगरपालिकाबाट अनुसूचि २ बमोजिमको दस्तुर तिरी नविकरण गराउनु पर्नेछ ।

(३) उपदफा २ बमोजिमको म्याद नाघेको ६ महिनाभित्र सबै प्रक्रिया पुरा गरी इजाजतपत्र नविकरण गराउन चाहने निर्माण व्यवसायीले नविकरण माग गरेमा अनुसूचि २ बमोजिमको थप दस्तुर लिई प्रमुख प्रशासकीय अधिकृत वा आर्थिक विकास महाशाखा प्रमुखले इजाजतपत्र नविकरण गरिदिनेछ ।

**४.इजाजतपत्रको खारेजी :**

(१) देहायको अवस्थामा महानगरपालिकाले निर्माण व्यवसायीको इजाजतपत्र खारेज गर्न सक्नेछ ।

(क) झुठ्ठा विवरण पेश गरी इजाजतपत्र प्राप्त गरेको प्रमाणीत भएमा,

नगर प्रमुख
वी.म.न.पा.न.का.पा.को.का.

(ख) सार्वजनिक निर्माण कार्य गर्ने वा गर्न पाउने उद्धेश्यले नेपाल सरकार तथा संगठित संस्थामा झुठ्ठा विवरण पेश गरेको सम्बन्धित निकायबाट लेखि आएमा,

(ग) सार्वजनिक निकायसंग भएको सम्झौता बमोजिम कार्य सम्पन्न नगरेको वा सम्झौताको गम्भीर उल्लघंन भएको सम्बन्धित निकायबाट लेखि आएमा ।

(२) उपदफा १ बमोजिम इजाजतपत्र खारेज गर्नु अघि सम्बन्धित निर्माण व्यवसायीलाई स्पष्टीकरण पेश गर्न मनासिब माफिकको मौका दिईनेछ ।

(३) दफा (३) को उपदफा (३) को म्यादभित्र नविकरण नभएको इजाजतपत्र स्वतः खारेज हुनेछ ।

(४) उपदफा (१) वा (३) बमोजिम इजाजतपत्र खारेज भएकोमा महानगरपालिकाले त्यसको जानकारी सम्बन्धित फर्म वा व्यक्ति वा कम्पनी दर्ता गर्ने कार्यालयलाई दिनेछ ।

## ५.इजाजतपत्रको प्रतिलिपि दिने व्यवस्था :

कुनै निर्माण व्यवसायीले इजाजतपत्र हराए वा नासिएको कारणबाट इजाजतपत्रको प्रतिलिपि पाउन निवेदन गरेमा अनुसूचि २ बमोजिमको दस्तुर लिई इजाजतपत्रको प्रतिलिपि दिनुपर्नेछ ।

## ६.नामसारी गर्ने व्यवस्था :

कुनै फर्म वा कम्पनी सो फर्म वा कम्पनीको प्रोपाईटरले विक्री गर्न चाहेमा वा अन्य व्यक्तिले खरिद गर्न चाहेमा खरिद गर्ने प्रोपाईटरले अनुसुचि ४ बमोजिमको व्यवस्थापन र अनुसूचि २ बमोजिमको राजश्व दाखिला गरेपछि इजाजतपत्र नामसारी गरिदिनु पर्नेछ ।

## ७.प्रचलित कानुन बमोजिम हुने :

यस कार्यविधिमा लेखिए जति यसै बमोजिम र अन्यको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

## ८. बचाउ :

यस अघि प्रचलित कानुन बमोजिम दर्ता भएका ठेक्का बन्दोबस्ती सम्बन्धी फर्म तथा कम्पनीहरुलाई दिईएको इजाजत पत्रहरु यसै कार्यविधि बमोजिम दिइएको मानिनेछ ।

**९.नगर कार्यपालिकाले आवश्यक ठानेमा कार्यविधिमा हेरफेर तथा संशोधन गर्न सकिनेछ ।**

नगर प्रमुख
वी.म.न.पा.न.का.पा.को.का.

## अनुसूचि -१

कार्यविधिको दफा (२) को उपदफा (१) संग सम्बन्धित

ईजाजतपत्रको लागि दिईने दरखास्त

**विषय : ईजाजतपत्र पाउँ भन्ने बारे ।**

**श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू,**

**वीरगंज महानगरपालिका**

**नगरकार्यपालिकाको कार्यालय, आदर्शनगर वीरगंज ।**

यस वीरगंज महानगरपालिका कार्यालयका घ वर्गको निमार्ण इजाजत पत्र सम्बन्धी कार्यविधी २०७५ बमोजिम सार्वजनिक निर्माण कार्य गर्नको लागि इजाजतपत्र पाउँन निम्न विवरण भरी यो दरखास्त पेश गरिएको छ ।

१. दरखास्त पेश गर्ने फर्म वा कम्पनीको

नाम : ठेगाना :

टेलिफोन नं. : फ्याक्स नं. :

ईमेल : पोष्ट बक्स :

**२. फर्म वा कम्पनीको प्रकृति :**

| | |
|---|---|
| प्राइभेट लिमिटेड कम्पनी | |
| पब्लिक लिमिटेड कम्पनी | |
| एकलौटी | |
| साझेदारी | |

**३. सम्पर्कको लागि फर्म वा कम्पनीको आधिकारीक व्यक्तिको**

नाम : ठेगाना :

टेलिफोन नं. : फ्याक्स नं. :

नगर प्रमुख
वी.म.न.पा.न.का.पा.को.का.

ईमेल : पोष्ट बक्स :

४. **फर्म वा कम्पनीको विवरण**

दर्ता नं. : दर्ता मिति :

अधिकृत पूँजी : जारी पूँजी :

दर्ता गर्ने कार्यालयको नाम र ठेगाना :

५. **इजाजत पत्र लिन चाहेको वर्ग : “घ” वर्ग**

६. **सामूहीकरण हुन चाहेको समूह :**

७. **आर्थिक स्रोत विवरण :**

| | रकम | वित्तिय संस्था/बैकको नाम |
|---|---|---|
| स्थायी ओभरड्राफ्ट | | |
| मुद्दती खाता | | |
| चल्ती खाता | | |
| बचत खाता | | |

उल्लेखित विवरण बाहेक अन्य विवरण भए छुट्टै पेश गर्न सकिनेछ।

नगर प्रमुख
वी.म.न.पा.न.का.पा.को.का.

वीरगंज महानगरपालिका
नगरकार्यपालिकाको कार्यालय
वीरगंज, पर्सा
२ नं. प्रदेश (नेपाल)
२०७४

८. **कामदारको विवरण**

(क) प्राविधिक :

(ख) अप्राविधिक :

(ग) अन्य :

प्राविधिक कर्मचारीको Certificate को प्रतिलिपि तथा निजको मन्जुरीनामा पेश गर्नुपर्नेछ ।

९. आफ्नो स्वामित्वमा रहेको निर्माण सम्बन्धि साधन मेशिनको औजारको विवरण :

| सि.नं. | नाम तथा विवरण | दर्ता नं. | क्षमता संख्या | मुल्य | खरिद मिति | अन्य व्यहोरा |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

द्रष्टव्य : यस विवरणमा उल्लेखित सवारी साधन तथा मेशिनरी औजारहरुको स्वामित्वको कागजात दर्ता प्रमाणपत्र उक्त मेशिनरी औजारहरु चालु हालतमा रहेको छ भने मेकानिकल ईन्जिनियरद्धारा प्रमाणित भएको हुनुपर्छ ।

यस अघि सम्पन्न गरेको कामको विवरण :-

| सि.नं | निर्माण सम्बन्धि कामको प्रकृति | काम गरेको साल | रकम | ठेक्कादाता कार्यालयको नाम | कामको अवस्था प्रगति प्रतिशतमा |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

११. करचुक्ता गरेको प्रमाण कागजात :-

क)

ख)

नगर प्रमुख
वी.म.न.पा.न.का.पा.को.का.

वीरगंज महानगरपालिका
नगरकार्यपालिकाको कार्यालय
वीरगंज, पर्सा
२ न. प्रदेश (नेपाल)
२०७४

ग)

यस दरखास्त फाराममा उल्लेखित सम्पूर्ण व्यहोरा ठिक साँचो छ । झुठ्ठा ठहरे कानुन बमोजिम सहुँला बुझाउँला ।

निर्माण व्यवसायीको छाप :

| |
|---|
| दरखास्तवालाको फोटो |

दस्तखतवालाको :-

सहि :

नाम थर :

ठेगाना :

मिति :

सम्पर्क मो.नं./टे.फो.नं. :

नगर प्रमुख
वी.म.न.पा.न.का.पा.को.का.

वीरगंज महानगरपालिका
नगरकार्यपालिकाको कार्यालय
वीरगंज, पर्सा
२ नं. प्रदेश (नेपाल)

# अनुसूचि -२

कार्यविधिको दफा (२) को उपदफा (१) र दफा (३) को उपदफा (३) सँग

सम्बन्धित

## ईजाजतपत्रको लागि लाग्ने शुल्क/दस्तुर

| क्र.सं. | निर्माण व्यवसायीको वर्ग | ईजाजतपत्र दस्तुर | ईजाजतपत्र नविकरण दस्तुर | ईजाजतपत्र नविकरण थप दस्तुर | ईजाजतपत्र प्रतिलिपि दस्तुर | निवेदन दर्ता दस्तुर |
|---|---|---|---|---|---|---|
| १. | "घ" | १०,००० | ५,००० | २,००० | १,००० | १,००० |
| | | | | | | |

द्रष्टव्य :-

"घ" वर्गको निर्माण व्यवसायी इजाजत पत्र सम्बन्धी, कार्यविधि २०७५, को दफा (३) को उपदफा (२) बमोजिमको म्याद भित्र इजाजत पत्र नवीकरण गराउँदा इजाजत पत्र नविकरण थप दस्तुरको महलमा उल्लेखित दस्तुर बुझाउनु पर्ने छैन ।

नगर प्रमुख
वी.म.न.पा.न.का.पा.को.का.

## अनुसूचि -३

कार्यविधिको दफा (२) को उपदफा (१) र दफा (३) को उपदफा (३) सँग

सम्बन्धित

## ईजाजतपत्र

ईजाजतपत्र नं................ मिति :.................

वीरगंज महानगरपालिका,

नगरकार्यपालिकाको कार्यालय, वीरगंज, पर्सा

"घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धि कार्यविधि, २०७५ को दफा (२) को उपदफा (४) बमोजिम निर्माण व्यवसाय गर्न ,.....................................................

.......................स्थित कार्यालय भएको .........................................................

फर्म वा कम्पनीलाई इजाजतपत्र प्रदान गरिएको छ ।

ईजाजतपत्र दिनेको :-

दस्तखत :-

नाम :-

पद :-

मिति :-

कार्यालय :-

नगर प्रमुख
वी.म.न.पा.न.का.पा.को.का.

नवीकरण :

| नवीकरण गर्ने अधिकारी | नवीकरण गरेको मिति | नवीकरण वहाल रहने अवधि | नवीकरण दस्तुर भौचर नं. र मिति | नवीकरण गर्ने अधिकारीको दस्तखत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

वीरगंज महानगरपालिका
नगरकार्यपालिकाको कार्यालय
वीरगंज, पर्सा
२ नं. प्रदेश (नेपाल)
२०७४

नगर प्रमुख
वी.म.न.पा.न.का.पा.को.का.

# अनुसूचि -४

"घ" वर्गको निर्माण व्यवसायीको लागि आवश्यक योग्यता :

१. आर्थिक क्षमता प्राइभेट वा पब्लिक लिमिटेड कम्पनी वा साझेदारी फर्मको रुपमा घटीमा पाँच लाख रुपैयाँको चालु पुँजी देखाई उद्योग विभागमा दर्ता भएको हुनु पर्नेछ ।

२. मुख्य जनशक्ति विवरण : मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल ईन्जिनियरिङ्ग विषयमा कम्तीमा प्रमाणपत्र तह उत्तिर्ण एकजना प्राविधिक, कुनै पनि विषयमा प्रमाणपत्र तह उत्तिर्ण एकजना जनशक्तिको सेवा पुरा समय प्राप्त हुने व्यवस्था हुनुपर्नेछ ।

३. मेशिन र उपकरण :

(क) टिप्पर/ट्याक्टर : एक (१)/एक (१) थान

(ख) मिक्सर : (१) एक थान

(ग) Theodolite/Level Machine : (१) एक सेट

(घ) वाटर पम्प : ३ (तिन) थान

(ङ) भाईब्रेटर : ३ (तिन) थान ।

द्रष्टव्य :

१. उपकरणको नामावली पेश गर्दा उपकरणको स्वामित्वको प्रमाणपत्रका साथै विमा गरेको कागजातहरु पेश गर्नुपर्नेछ ।

२. माथि उल्लेखित यान्त्रिक उपकरणहरु ठीक अवस्थामा भएको कुरा मेकानिकल ईन्जिनियरिङ्ग विषयमा कम्तीमा स्नातक तहको शैक्षिक योग्यता भएको नेपाल ईन्जिनियर्स एशोसेसनको सदस्यता प्राप्त मेकानिकल ईन्जिनियरले प्रमाणित गरेको हुनुपर्नेछ ।

३. माथि उल्लेखित यन्त्र उपकरणहरु दर्ता भएको मितिले घटीमा दुई वर्षसम्म वेचबिखन गर्न पाईने छैन ।

४. पन्ध्र वर्षभन्दा बढी पुरानो यन्त्र उपकरणहरु निर्माण व्यवसायीको स्तर वृद्धि तथा नयाँ दर्ता हुने प्रयोजनको लागि मान्य हुने छैन ।

५. फर्म वा कम्पनीको कार्यालय आफ्नै स्वामित्वको घर वा जग्गामा स्थापना गरिएको भएमा त्यस्तो घर वा जग्गाको जग्गाधनी प्रमाण पुर्जा र एकीकृत कर तिरेको रसिद र घर जग्गा भाडामा भएमा एकीकृत कर घर वहाल कर तिरेको रसिदको प्रमाणित प्रतिलिपि ।

११

वीरगंज महानगरपालिका
नगरकार्यपालिकाको कार्यालय
वीरगंज, पर्सा
२ नं. प्रदेश (नेपाल)
२०७४

नगर प्रमुख
वी.म.न.पा.न.का.पा.को.का.

# अनुसूचि -५

कार्यविधिको दफा (३) को उपदफा (२) सँग सम्बन्धित :

**श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू,**

**वीरगंज महानगरपालिका**

**नगरकार्यपालिकाको कार्यालय, आदर्शनगर वीरगंज ।**

**विषय : इजाजत नविकरण गरिपाउँ भन्ने बारे ।**

यस वीरगंज महानगरपालिका कार्यालयको कार्यविधि २०७५ बमोजिम निर्माण व्यवसाय संचालन गर्ने इजाजतपत्र नविकरण गर्नको लागि देहाय बमोजिमको विवरणहरु खुलाई यो दरखास्त पेश गरेको छु ।

१. निर्माण व्यवसायी (फर्म वा कम्पनी) को :-

क. नाम :-

ख. ठेगाना :-

ग. पोष्ट बक्स :-

घ. फ्याक्स नं. :-

ङ. ईमेल :-

२. निर्माण व्यवसायी दर्ता गर्ने कार्यालयको :-

क. नाम :-

ख. ठेगाना :-

नगर प्रमुख
वी.म.न.पा.न.का.पा.को.का.

वीरगंज महानगरपालिका
नगरकार्यपालिकाको कार्यालय
वीरगंज, पर्सा
२ नं.प्रदेश (नेपाल)
२०७४

## अनुसूचि -६

कार्यविधिको दफा (३) को उपदफा (२) सँग सम्बन्धित :

"घ" वर्गको इजाजतपत्र नविकरण गर्दा पेश गर्नुपर्ने कागजातहरु :

१. निवेदकको तोकिएबमोजिमको निवेदन र ना.प्र.प. को प्रमाणित प्रतिलिपि ।

२. उद्योग दर्ता प्रमाण पत्र/पान (PAN) दर्ता प्र.प.को प्रमाणित प्रतिलिपि ।

३. कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि ।

४. एकिकृत कर तिरेको रसिदको प्रमाणित प्रतिलिपि ।

५. घर भाडामा लिएको भए घर बहाल कर तिरेको रसिदको निस्सा वा प्रमाणित प्रतिलिपि ।

नगर प्रमुख
वी.म.न.पा.न.का.पा.को.का.

बीरगंज महानगरपालिका नगरकार्यपालिकाको कार्यालय बीरगंज, पर्सा २ नं. प्रदेश (नेपाल)